# भोजपुर नगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम

**नगर सभाका सदस्यज्यूहरु**

सर्वप्रथम भोजपुर नगरपालिकाको दोस्रो नगरसभाकोयस गरिमामय वैठकमाप्रजातन्त्र, लोकतान्त्रिक गणतन्त्रको स्थापना लगायत जनताको अधिकार र स्वतन्त्रताका लागि बिभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा देश र जनताका निमित्त आफ्नो प्राणको आहुती गर्ने ज्ञात अज्ञात महान सहिदहरु प्रति स-सम्मान भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

जनता सार्वभौम र सर्वोपरि शक्तिमात्र नभएर इतिहासका निर्माता पनि हुन । जनताको इच्छा, आकांक्षा र चाहाना माथि राज्यको कुनै स्वार्थ र उद्देश्य हुँदैन । एक्काइसौ शताब्दीको आजको युग जनतामाथि शासन गर्ने समय नभइ जनता स्वयंले आफ्नो शासन सहभागितात्मक र सबैको उचित सम्मान र संलग्नतामा आफैं संचालन गर्दछन । लोकतन्त्रको आधार स्तम्भका रुपमा रहेको स्थानीय तहहरुमार्फत जनताको विकासको अभिष्ट पुरा गर्न नगर अग्रसर भईरहेको वर्तमान सन्दर्भमा स्थानीय जनताको प्रत्यक्ष संलग्नतामा स्थानीय स्रोत साधनको परिचालन, सीप र प्रविधिको उपयोग तथा आय आर्जन गरी रोजगारीको अवसर सिर्जनाको सार्थै समावेसी विकासलाई अवलम्बन तथा आत्मसात गरी विकास निर्माणका क्रियाकलापलाई पनि जनसहभागितामुलक वनाउदै सवै पक्षलाई समेटेर लैजाने अभिप्रायले नेपाल सरकारबाट प्राप्त अनुदान तथा नगरको श्रोत, साधनलाई विश्लेषण गरी नगरको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक आदि क्षेत्रको सन्तुलित विकासको लागि समतामुलक र समावेशि चरित्रको विकास योजना तय गर्न महिला, आदिवासी, जनजाति, दलित, अपाङ्ग, अशक्त र वालवालिकाहरुको हित समेट्ने प्रयास गरिएको व्यहोरा पनि अनुरोध गर्न चहान्छु ।

जनताका बास्तबिक माग र आवश्यकताको पूर्ण विश्लेषण गरी बिकास निर्माणका काममा थप प्रभावकारिता ल्याउन पर्याप्त अधिकार र जिम्मेवारी सहित हामी जनप्रतिनिधिहरु निर्वाचित भएको एक वर्ष पुरा भएको छ । आन्तरिक स्रोत अत्यन्त न्युन भएतापनि यस नगरको प्रचुर विकास सम्भावनालाई उजागर गर्दै सम्रग नगरको विकासमा जोड दिएर तदनुरुप कार्यक्रम तय गरिएको छ । विकास योजनामा दोहोरोपन हटाउन र सबैको प्रयासलाई जनमुखी ढंगले नियमित र व्यवस्थित गर्न र विकास साझेदारहरुका कार्यक्रम जनता समक्ष पुचाउन नगरपालिकाको अग्रणि भुमिका रहेको छ । हाम्रा विकास सम्भाव्यतालाई जनचाहाना अनुरुप सक्षमतापूर्वक कार्यरुप दिन उपलब्ध साधन स्रोतको समुचित उपयोगमा ध्यान दिनु पर्ने आवश्यचकतालाई मध्यनजर गरी आवश्यकता, संभाव्यता, साधन स्रोत र उपयोग एंव परिचालन सक्षमताको निरुपण गर्ने गरि विश्लेषणात्मक ढंगले अगाडि बढ्ने जमर्को गरिएको छ ।

**सदस्यज्यूहरु**

नेपालमा संविधानसभाद्वारा संविधान जारी भए पछि देशलाई केन्द्रीकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुकका रूपमा रूपान्तरित गरेको छ । नेपालको ७५३ स्थानीय तहहरुमध्ये यस जिल्लामा ७ गाँउपालिका र २ नगरपालिका सहित ९ वटा स्थानीय तहहरू रहेका छन् । पूर्वमा अरुण र पौवादुङ्गमा गाँउपालिका, पश्चिममा ट्याङ्केमैयूम गाँउपालिका, उत्तरमा षडानन्द नगरपालिका तथा दक्षिणमा रामप्रसाद राई गाउँपालिकाले घेरीएको यस नगरपालिका साविक भोजपुर नगरपालिका, साविक हैलौछा, गुप्तेश्वर, सिद्देश्वर र आम्तेक गा.वि.स. मिलेर बनेको छ । १२ वडाहरू भएको यस नगरपालिका जनजाति (राई, गुरूङ, मगर, तामाङ, भुजेल, नेवार आदि) खस (ब्राह्मण, क्षेत्री, उत्पीडित) जस्ता विभिन्न

जात, जाति एवं भिन्दा भिन्दै भाषा, धर्म र संस्कृति भएका मानिसहरूको बसोबास रहेको एक सुन्दर रमणीय र प्राकृतिक छटाले भरिपूर्ण प्रचुर सम्भावनायुक्त नगरपालिका हो ।

**सदस्यज्यूहरु**

अव म यस भोजपुर नगरपालिकाको विकासका चुनौतीतथा सम्भावनाहरुलाई संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**चूनौतीहरु :**

- नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण टोलवस्तीहरुमा निर्मित सडकहरुको मर्मत र स्तरोन्नती गरी दिगो बिकास हासिल गर्नु प्रमुख चुनौतीका रुपमा रहेको छ ।
- नगरपालिकाको आन्तरिक आयस्रोत अत्यन्त न्यून छ । जनताका बिकास निर्माणका माग र चाहना पुरा गर्न प्रर्याप्त लगानी जुटाउनु अर्को चुनौती भएको छ ।
- उपभोक्ताहरुमा बिकास निर्माणका कार्यमा अपेक्षाकृत रुपमा स्वामित्व र अपनत्व सिर्जना हुन सकेको छैन भने युवा श्रमशक्ति रोजगारका लागि बिदेशिने क्रम तीव्र रहेको छ ।

**सम्भावनाहरु** :

- भोजपुर नगरको अधिकाँश भू-भाग कृषि उत्पादनको दृष्टिले उर्वर रहेको छ भने सिचाईका लागि प्रशस्त पानीका स्रोतहरु हामीसँग उपलब्ध छन् । त्यस्ता स्रोतहरुको समूचित प्रयोग गर्न सकिएमा कृषि क्षेत्रको उत्पादन र उत्पादकतत्व बढाउन सकिने सम्भावना व्यापक छ
- भोजपुर नगरको कृषि प्रणाली परम्परागत र निर्वाहमूखी रहेको छ । यस अवस्थामा आधुनिकीकरण गरी वैज्ञानिक खेती प्रणालीको बिकास गर्न र उत्पादनमा बृद्धि गर्न सकिने प्रशस्त सम्भावना छ भने कृषिको पकेट क्षेत्रको बिकास गरी आर्थिक अवस्थामा सुधार ल्याउन सकिने देखिन्छ ।
- मौसमी तथा बेमौसमी तरकारी खेती, अलैंची, सुन्तला, कागती, बेसार, अदुवा,जडीबुटी तथा नगदे बालीको खेती बिस्तार गरी कृषकको जीवनस्तरमा सुधार गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।
- यस नगरपालिकामा पर्यटनको लागि सम्भावना वोकेका क्षेत्रहरु प्रशस्त छन् । सुन्तलेडाँडा, कैलाशडाँडा, धापखर्कडाँडा, वाराहागे, अरुणडाँगा, सिद्धकाली मन्दिर, सिद्धकाली मन्दिर देखि सरस्वती गुफा आदि पर्यटकीय स्थलहरु छन ।
- नागरिकहरुमा देखिएको विकासको व्यग्रता, जिल्लाको विकासका लागि क्रियाशिल राजनीतिक दलहरुमा देखिएको चासो, एकता र सहकार्य भोजपुर नगरपालिकाको लागि सवै भन्दा ठूलो सम्भावना हो भन्ने मैले विश्वास गरेको छु ।

उपरोक्त सम्भावना र चुनौतीका बीच प्रस्तावित आगामी आ.ब.२०७५/०७६ को बजेटमा यातायात, संचार, अन्य भौतिक पूर्वाधार, बिभिन्न सांस्कृतिक सम्पदाको बिकास, कृषि तथा नगदेबालीको विकास, बिद्युत शक्तिको बिस्तार र बिकास एवं समाजका सबै वर्ग र क्षेत्रको समानुपातिक र समाबेशी बिकासको परिकल्पना सहित निम्न उद्देश्य एवं प्राथमिकताहरु प्रस्तुत गर्दै सो बाट निम्न प्रतिफल प्राप्त हुने विश्वास लिएको छु :

क. परम्परागत कृषि प्रणालीबाट ब्यवसायिक खेती तर्फ कृषकलाई उन्मुख गराउने,

ख. बिकास निर्माणका कार्यलाई दिगो, भरपर्दो र जनमुखी बनाउने,

ग. बास्तविक आबश्यकताको परिपूर्तिका लागि उपयुक्त बिकल्पको छनौट र कार्यान्वयनमा जनतालाई जागरुक गराउने,

घ. सरकारी निजी साझेदारीको अवधारणा अनुसार नगरपालिकाको अर्थ ब्यवस्थालाई गतिशिल बनाउने,

ङ. बालबालिकाको हक, हित र अधिकारको संरक्षण र सम्बर्द्धन गर्दै जिल्लाको शैक्षिक गुणस्तरमा सुधार ल्याउने,

च. लक्षित बर्गको आर्थिक, सामाजिक तथा मानवीय पक्षमा सुधार एवम् समतामुलक समाजको बिकास गरी नगरलाई समृद्ध नगरको रुपमा अगाडि बढाउने,

छ. हिंसा पिडित महिला, बालबालिका तथा अप्ठ्यारोमा परेका नागरिकलाई सहयोग गरी मानवीय संवेदनायुक्त समाजको बिकास गर्ने,

ज. आन्तरिक स्रोत र साधनको बृद्धि गर्दै लगी नगरपालिकालाई आत्म निर्भर तर्फ उन्मुख गराउने,

ञ. नगरपालिकाबाट यस आ.व.०७५/०७६ मा सञ्चालन गरिने आयोजनाहरु मंसिर महिना भित्र सम्झौता गरि कार्यान्वयन गर्न उत्प्रेरित गरिने र सो समयभित्र सम्झौता हुन नसकेका आयोजनाहरुको वैकल्पिक व्यवस्थावाट कार्यान्वयन गरिने छ ।

**प्रतिफलहरु**

**शिक्षा एवं खेलकुद विकास**

- शिक्षाको क्षेत्रमा गुणस्तरीयता कायम भई व्यावसायिक शिक्षाको विस्तार र साक्षरतामा वृद्धि हुने ।

**कृषि पशु विकास तथा सिंचाई**

- कृषि ताथ पशु विकासका क्षेत्रमा विविधिकरण र व्यावसायीकरण तथा सिंचाईको विस्तार भई आय स्तरमा वृद्धि हुने।

**स्वास्थ्य**

- प्रतिकारात्मक एवं उपचारात्मक स्वास्थ्य सेवा पद्धतिको विस्तार भई स्वास्थ्य सेवा तथा सुविधामा वृद्धि हुने ।

**भौतिक पूर्वाधार तथा खानेपानी तथा सरसफाई**

- सडक, संचार तथा विद्युतको भौतिक पूर्वाधार विकास एवं विस्तार हुनुको साथैखानेपानी सुविधा तथा सरसफाई स्थितिमा सुधार हुने ।

**महिला तथा वालवालिका, पिछडिएको जाति जनजाति तथा सांस्कृतिक विकास**

- महिला तथा वालवालिका, पिछडिएको जाति/जनजातिको आर्थिक स्थितिमा सुधार एवं भाषा, संस्कृति र सम्पदाको संरक्षण हुने।

**<u>वन वातावरण तथा जलाधार विकास</u>**

- वन पैदावार एवं अन्य प्राकृतिक सम्पदाको दिगो विकास र उपयोगद्वारा गरीवी न्यूनीकरणमा योगदान पुग्ने।

**<u>घरेलु तथा साना उद्योग एवं पर्यटन विकासतथा सुरक्षा</u>**

- आय आर्जन तथा रोजगारीको अवसरमा वृद्धि हुनुको साथै सामाजिक सुरक्षाको स्थितिमा सुधार हुने।

**<u>लघु जलविद्युत तथा वैकल्पिक उर्जा</u>**

- नगरको सम्भावित जलश्रोत उपयोग गरी लघु जलविद्युत सौर्य उर्जा र बायोग्यास प्लाण्टको विकास गरी परम्परागत जैविक उर्जा माथिको निर्भरता हटाउँदै लगी वातावरण मैत्री उर्जा विकास गर्दै जनताको उर्जा आवश्यकता पूर्ति गर्दै जाने ।

**सदस्यज्यूहरु**

अब म भोजपुर नगरको आ.ब. ०७५/०७६ को नीति तथा कार्यक्रम तर्फ यहाँहरूको ध्यान आकर्षण गर्दछु ।

***राजस्व परिचालन सम्बन्धी नीति तथा कार्यक्रम***

- नगरपालिकाको राजस्व परिचालनका दरहरु निर्धारण गर्दा बिद्यमान ऐन नियम, नीति, निर्देशिका, प्रचलित कार्यविधिवाट निर्देशित हुनेछन् ,
- आन्तरिक आयलाई बृद्धि गर्दै लैजाने विगतको नीतिलाई निरन्तरता दिईनेछ ,
- राजस्वका थप स्रोतहरुको पहिचान र उपयोगको लागि विस्तृत अध्ययन र सर्वेक्षण गरिने छ
- नगरपालिकाको आन्तरिक उत्पादनलाई वढवा दिदै निर्यात प्रवर्द्धनमा जोड दिईनेछ ,
- अनाधिकृत रुपमा भईरहेको प्राकृतिक स्रोत साधनको व्यवसायलाई राजश्वको दायरामा ल्याइने छ ,
- राजश्वको चुहावट नियन्त्रणका लागि उपचारात्मक र प्रवर्द्धनात्मक उपायहरु अवलम्वन गरिने छ । चुहावटका सम्भावित स्थानहरुमा कर संकलनका लागि ढाट राख्ने तर्फ ध्यान केन्द्रित गरिने छ ।
- नगरबाट लिइने कर राजस्व, शुल्क आदि व्यवस्थित र नियमन गरिने छ र नियमित कर तिर्ने करदातालाई सम्मान गरिने छ ।
- घर जग्गा पास, नक्सा पास, कर-राजस्व भुक्तानी र कुनै पनि सिफारिस लिने प्रयोजनका लागि प्रदान गरिने नागरिक सेवालाई सहज र व्यवस्थित बनाइनेछ ।
- एकीकृत कर प्रणालीलाई अझ वैज्ञानिक बनाई निरन्तरता दिइनेछ र नगरका बाकी वडाहरुमा समेत क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

***कृषि, पशुपालन, वन तथा वातावरण एवं जलवायु परिवर्तन सम्बन्धी नीति तथा कार्यक्रम***

- कृषिलाई निर्वाहमुखीवाट व्यवसायिक खेती प्रणालीमा रुपान्तरण गर्न विषेश जोड दिईने छ ,

- एक वडा एक उत्पादन नीतिको प्रवद्धन गरिने छ ,
- कृषि उत्पादनको वजार व्यवस्थापनमा नीजि क्षेत्रलाई प्रोत्साहन गरिने छ ,
- सुन्तला, कागती,अलैची, अम्रिसो जस्ता नगदेवाली, चिराईतो जस्ता जडिवुटीको उत्पादन लाई विशेष प्रोत्साहन गरिने छ ,
- कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि गर्न सिंचाई सुविधामा बृद्धि गर्दै लगिने छ ,
- कृषि उपजको संकलन तथा बजार ब्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ,
- कृषि उत्पादन-प्रशोधन र व्यापार कार्यलाई एकिकृत गरीतुलानात्मक रुपमा बढी प्रतिफल दिने उत्पादनहरुको बजार उपलब्धताको सुनिश्चित हुने नीति लिइनेछ ,
- उन्नत जातका पशुपालन तर्फ किसानलाई प्रोत्साहन गरिने छ ,
- वन तथा वातावरण संरक्षणलाई ध्यान दिदै जथाभावी सडक तथा अन्य संरचना निर्माण गर्ने प्रवृतिलाई कडाईका साथ नियन्त्रण गरिने छ ,
- जलवायु परिवर्तनका कारण सिर्जना हुने समस्याको न्यूनिकरणका लागि सचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिने छ ,

***भौतिक पूर्वाधार तथा सडक सम्वन्धी नीति तथा कार्यक्रम***
***"नगरपालिकाबाट विकास पाउने जनताको अधिकार***
***विकासको पहिलो खुड्किलो भौतीक पुर्वाधार"*** भन्ने नाराका साथ निम्न निति अवलम्बन गरिने छ ।

- गाउँ घरको पर्यावरण संरक्षण गर्न एवम् आर्थिक, सामाजिक र वस्ती विकासलाई व्यवस्थित गर्न "घर-घरमा सडक होइन सडक किनारमा घर" को नीति अवलम्वन गरिने छ,
- प्रत्येक नगरपालिका क्षेत्रभित्रका सडकहरु बाह्रै महिना सञ्चालनमा आउन सक्ने गरी स्तरउन्नती गरिने छ ,
- आगामी आर्थिक वर्ष भित्र सवै वडा लाई सडक सञ्जालमा आवद्ध गरिने छ ,
- महत्वपूर्ण र कृषि सडकहरुलाई उपयोगमा ल्याउन त्यस्ता सडकहरुमा सडक हेरालुको व्यवस्था गरिने छ ,
- मिटर छोडेर मात्र स्थायी संरचना बनाउनु पर्ने प्रावधानको कार्यान्वयनका लागि जागरण/सचेतना फैलाउने कार्यलाई नागरिक समाज, सञ्चार जगत र गैर सरकारी संघ संस्था समेतको सहकार्यमा आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छन् ,
- सडक लगायतका पूर्वाधार निर्माण गर्न भनि गठित उपभोक्ता समितिहरुलाई सडकको दिगोपना र मर्मत सम्भार समेतमा विशेष जिम्मेवार र जवाफदेही वनाउने नीति लिइनेछ,
- नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड बिपरीत कार्य गर्ने कार्यलाई निरूत्साहित गरी कानुनी दायरामा ल्याइनेछ । विषेशज्ञ समेतको प्रतिनिधित्व रहने समितिद्वारा निर्माण भएका संरचना तथा विकास आयोजनाको अनुगमन तथा सुपरिवेक्षण गरी व्यवस्थित गरिने छ ।
- भोजपुर नगर उज्यालो कार्यक्रम अन्तरगत सडकमा सौर्य बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- नगरपालिका क्षेत्रको व्यवस्थित, दीर्घकालीन एवम् वातावरण मैत्री दिगो विकासको लागि गुरू योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- कृषि सडक तथा साना खानेपानी आयोजनाहरुको दीगो विकासका लागि उपभोक्ताबाटै मर्मतसंभारको दायित्व निर्वाह गर्ने र दीगो उपयोग गराउने नीति अघि सारिएको छ ।

***खानेपानी तथा सरसफाई सम्बन्धी नीति तथा कार्यक्रम***

***" स्वच्छ वातावरण सफा खानेपानीको सुनिश्चितता,***
***विकासमा लक्षीत वर्गको अनिवार्यसहभागिता"*** भन्ने नाराका साथ निम्न निति अवलम्बन गरिने छ ।

- भोजपुर नगरपालिकालाई खुला दिशा मुक्त वनाउन भोजपुर नगरपालिकाभित्रका केहि वडाहरुलाई तत्काल खुला दिशा मुक्त घोषणा गरिनेछ । साथै आवश्यक स्थानमा सार्वजनिक शौचालयको व्यवस्था गर्दै लगिनेछ ।
- यसका लागि जिल्लाका सम्पूर्ण नगरवासीहरु, सरकारी कर्मचारी, शिक्षक, सरकारी तथा नीजि संस्थाका पदाधिकारीहरुलाई नीजि शौचालय बनाउन निर्देशन गरिने छ भने आम नागरवासीहरुलाई खुला दिशामुत्त क्षेत्र घोषणामा अमुल्य सहयोग गर्न आव्हान गरिनेछ ।
- नगर भित्र ढलनिकास समस्यालाई समाधान गर्न सम्भाव्यता अध्ययन गरी कार्यक्रम अगाडि बढाइने छ ।
- खुला दिशामुक्त घोषित भई सकेपछि नगरपालिकाहरुमा सो कार्यक्रमको दिगोपनाका लागि थप कार्यक्रमहरु सञ्चालन गरिने छन्,
- नगरपालिकाभित्र स्वच्छ खानेपानी एक घर एक धारानीतिलाई अगाडि बढाउने छ ।
- शनिवारे हटियाको व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ । साथै पशु बधशालालाई व्यवस्थित रुपमा सञ्चालन गरिने छ ।

***उद्योग,पर्यटन तथा बाणिज्य सम्वन्धी नीति तथा कार्यक्रम***

- कृषिजन्य तथा घरेलु उद्योगको स्थापना र सञ्चालनमा सरल र सहज वातावरण बनाउन जोड दिईने छ ,
- स्थानीय कच्चा पदार्थको उपयोगमा आधारित घरेलु उद्योगलाई प्रोत्साहन गरिने छ ,
- नगरपालिकाभित्रको महत्वपूर्ण पर्यटकीय स्थानहरुको पहिचान गरी तिनको बिकास गरिने छ। साथै आन्तरिक तथा बाहय पर्यटन प्रबर्द्धन गर्ने नीति लिईने छ ,
- कृषिजन्य उत्पादनको बजार ब्यवस्थापनमा जिल्ला उद्योग बाणिज्य संघलाई नेतृत्वदायी भूमिका निर्वाह गर्न उत्प्रेरित गरिनेछ ,
- पर्यटन/होमस्टे र सास्कृतिक विविधताको विकास गरी पर्यटक आकर्षण गर्ने तर्फ विशेष जोड दिइनेछ ।

***शिक्षा, स्वास्थ्य तथा सामाजिक बिकास सम्बन्धी नीति तथा कार्यक्रम***

***"स्वस्थ्य रहनसहन, स्वस्थ्य खानपान***
***सुशासित नगर निर्माण हाम्रो अभियान"*** भन्ने नाराका साथ निम्न निति अवलम्बन गरिने छ ।

- शिक्षाको गुणस्तर सुधार गर्न कार्यसम्पादन सम्फौता गर्नेतथा प्रत्येक विद्यालयमा ई हाजिरीको व्यवस्था गर्दै जानेनीति अवलम्वन गरिने छ ,
- सामुदायिक विद्यालयको गुणस्तर वृद्धिका लागि अंग्रेजी माध्यममा पठनपाठन गराउने नीतिलाई अगाडि सारिने छ ।
- भविष्यका कर्णधारका रुपमा रहेका विद्यार्थीहरुको पठनपाठन र पढ्न पाउने नैसर्गिक अधिकारलाई  सीमित गर्न खोज्ने कुनै पनि प्रवृतिलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ ,
- जनताको आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी वनाउन नगर भित्रका स्वास्थ्य सेवालाई थप प्रभावकारी वनाईने छ ,
- स्वास्थ्य सम्वन्धी सचेतना कार्यक्रमहरुलाई थप प्रभावकारी वनाईने छ,
- वालवालिकालाई **"पूर्ण खोप सुनिश्चितता"** गराउने कार्यक्रमलाई तीव्रता दिईने छ,
- जिल्ला अस्पतालको भौतिक संरचना विकास र स्तरोन्नतीका लागि विशेष जोड दिईनेछ ।
- जिल्ला अस्पताललाई ५० शैयाको दरवन्दी कायम गर्न अगाडि बढाइने छ ।

***सुशासन एवं दिगो बिकास सम्बन्धी नीति तथा कार्यक्रम***

- भोजपुर नगरपालिकाको कार्यालय आगामी आर्थिक वर्ष देखी नयाँ भवन सञ्चालनमा ल्याइने छ । साथै जनतालाई पायक पर्ने स्थानबाट वडा कार्यालयहरु सञ्चालनमा ल्याइने छ ।
- आवश्यकता अनुसार कर्मचारी प्रशिक्षण आदिको व्यवस्थापन गरिने छ । सोको लागि सेवा निवृत कर्मचारीहरुको समेत ज्ञान र सिपको उपयोग गरिने छ ।
- नगरपालिकाभित्र निर्माण भई सकेका पूर्वाधारका संरचनाहरुको मर्मत संम्भार गरी दिगो र भरपर्दो बनाउँदै लगिने छ ,
- नगरपालिकाभित्रका बिषयगत कार्यालयहरु र नगरवडाकार्यालयबाट जनतालाई उपलब्ध गराउने सेवालाई थप पारदर्शी र प्रभावकारी बनाईने छ ,
- नगरपालिका, बिषयगत शाखाहरु तथा नगर वडा कार्यालयबाट प्रबाह भई रहेको सेवालाई सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षणका माध्यमवाट थप पारदर्शी वनाईने छ ,
- हरेक आयोजनाको उपभोक्ता माफमा सार्वजनिक लेखा परीक्षण भएपछि मात्र अन्तिम  भुक्तानी दिईने छ ,
- विकास निर्माणमा क्रियाशिल उपभोक्ता समितिहरुलाई थप जिम्मेवार र जवाफदेही वनाईने छ ।
- नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण (Profile) तयार गरिनेछ ।

**नगर विकासको लागि निर्देशक सिद्धान्तहरु**

- गरिवी निवारणको परिप्रेक्ष्यमा समतामूलक विकास प्रकृयालाई प्रभावकारीता प्रदान गर्न पिछडिएका जनजाती र उत्पिडीत समूह, महिला तथा वालवालिकाहरुको हितलाई आवश्यक प्राथमिकता प्रदान गरिनेछ ।
- मानवीय तथा संस्थागत विकासलाई प्राथमिकता प्रदान गरिनेछ ।

- भौगोलिक (क्षेत्रगत) तथा वातावरणीय सन्तुलनलाई प्राथमिकता प्रदान गरिनेछ ।
- वडा लाई विकासको केन्द्रविन्दुको रुपमा अंगीकार गरिनेछ ।
- विकासका साझेदारहरुबीच सामन्जस्य कायम गरी उपलब्ध श्रोत साधनको समुचित प्रयोगमा जोड दिईनेछ ।
- स्थानीय श्रोत साधनको परिचालनमा जोड दिनुका साथै छिटो प्रतिफल दिने विकास कार्यक्रमहरुलाई प्राथमिकता दिई स्वावलम्वी समाजको निर्माण प्रक्रियालाई अगाडि बढाईनेछ ।
- नगरको बहुभाषी, बहुजातीय स्वरुपलाई ध्यानमा राखी बहुलवादी संस्कृतिलाई प्रोत्साहित गर्नुको साथै स्थानीय भाषा र संस्कृतिको संरक्षण र संवर्द्धन गरिनेछ ।
- सहभागितात्मक विकास प्रक्रियालाई संस्थागत गरी नगरबासीलाई सुशासनको प्रत्याभूति प्रदान गरिनेछ ।

***वजेट वक्तव्य :***

**सदस्यज्यूहरु**

अब म नगरपालिकाको यस आ.ब.०७५/७६ को समष्टिगत बजेट प्रस्तुत गर्न चाहन्छु ।

उपरोक्त नीति तथा कार्यक्रमहरुलाई सफल रुपमा कार्यान्वयन गर्नको लागि आर्थिक वर्ष २०७५ / ०७६ मा आय तर्फ वित्तिय समानिकरण अनुरदान रु १० करोड ३ लाख, राजश्व बाँडफाडबाट रु. ६ करोड९१ लाख ५४ हजार, ससर्त अनुदान २० करोड ६ लाख, प्रदेश सरकार वित्तिय समानिकरण अनुदान रु ३५ लाख ३७ हजार, सवारी साधन करको राजश्व बाँडफाडबाट रु. १ करोड १५ लाख २८ हजार,आन्तरीक राजश्वतर्फरु १ करोड २० लाख ७८ हजार २ सय (आ. व. ०७४ / ७५बाट मौज्दात रहने ४० लाख ७८ हजार २ सय र आ.व. ०७५ / ०७६ को अनुमानित आय रु ८० लाखसमेत ) गरी जम्मा रु ३९ करोड७१लाख९७ हजार २ सय आय प्रस्ताव गरिएको व्यहोरा यहाँहरु समक्ष पेश गर्न चाहन्छु ।

यसैगरी व्यय तर्फ आर्थिक विकास तर्फ रु.१ करोड ७२ लाख १५ हजार, सामाजिक विकास तर्फ रु.१ करोड ७४ लाख २२ हजार चार सय, पुर्वाधार विकास तर्फ रु. ७ करोड ७८ लाख ४३ हजार, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु. २१ लाख ८२ हजार, संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ रु. ८ करोड १९ लाख ३५ हजार २ सयरससर्त अनुदान २० करोड ६ लाखगरी कुल व्यय ३९ करोड ७१ लाख ९७ हजार २ सय अनुमान गरेको छु ।

**सदस्यज्यूहरु**

वजेट भनेको तथ्यमा आधारित अनुमान हो । यसको लक्ष्य तथा उदेश्य प्राप्तिका लागि हामी जनप्रतिनिधिहरुको प्रयासवाट मात्र सम्भव छैन । तसर्थ राजनीतिक दल सम्पुर्ण संघ संस्था, नागरिक समाज र सम्पुर्ण नगरवासीहरुको सामुहिक प्रयासवाट मात्र सम्भव हुने भएकोले समग्र भोजपुर नगरको विकास गर्नका लागि तर्जुमा भएका योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्पुर्ण पक्षवाट आवश्यक सहयोग हुने छ भन्नेमा पूर्ण विश्वस्त छु ।

आ.व. २०७५ / ०७६को प्रस्तुत नीति तथा कार्यक्रम र प्रस्तावित बजेटबाट नगरपालिकाको भौतिक पूर्वाधार विकास एवं आर्थिक तथा सामाजिक बिकासमा ठोस योगदान पुगी जनताको जीवनस्तरमा सुधार हुने छ भन्ने बिश्वास लिएको छु ।

प्रस्तुत नीति, बजेट तथा कार्यक्रमबाट भोजपुर नगरपालिकाको अग्रगामी विकास र परिवर्तनका लागि ठोस योगदान पुग्ने बिश्वास लिईएको छ। साथै प्रस्तुत नीति तथा कार्यक्रम एवं बजेट तयार पार्न सल्लाह सुझाव प्रदान गर्नु हुने तथा सहयोग र सक्रियताका साथ लाग्नु हुने नगरकार्यपालिकाका सदस्यज्यूहरु, सम्पुर्ण सांसदज्यूहरु, नगर स्थित कृयाशिल राजनीतिक दलहरु, सम्पूर्ण विषयगत कार्यालयहरु, वुद्धिजीवि, नागरिक समाजका प्रतिनिधि, कर्मचारी मित्रहरु र समाजसेवीहरुसबैमा हार्दिक आभार प्रकट गर्दै हामीलाई यस कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा मार्गदर्शन गरी उत्प्रेरित गर्नु हुने जिल्लावासी दाजुभाई तथा दिदीवहिनीहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस नीति तथा कार्यक्रम एवं बजेटको सफल कार्यान्वयनका लागि सदाझैं सवैबाट पूर्ण सहयोग र समर्थन प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा आफ्नो कार्य व्यस्तताको वाबजुद पनि नगरपालिकाको निमन्त्रणालाई सहर्ष स्वीकार गरीदोस्रोनगरसभा वैठकमा उपस्थितसम्पूर्ण सदस्यज्यूहरुप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।

## भोजपुर नगरपालिका
## नगरपालिका स्तरीय वजेट तथा कार्यक्रम
## आ. व. २०७५/०७६ को लागि

| सि. नं. | शिर्षक | विनियोजित वजेट | कैफियत |
|---|---|---|---|
| | **आर्थिक विकास** | | |
| १ | कृषि विकास कार्यक्रम | ५०००००० | |
| २ | पशु विकास कार्यक्रम | ३५००००० | |
| ३ | उद्योग विकास -खुकुरी उद्योग) | ४००००० | |
| ४ | महिला तथा वाल वालिका | १००००० | |
| ५ | दलित शिप विकास तालिम | २००००० | |
| ६ | जनजाती | ३००००० | |
| ७ | महिला विकास | ४००००० | |
| ८ | भू संरक्षण | १०००००० | |
| ९ | स्वास्थ्य ओषधि तथा व्यवस्थापन | २५००००० | |
| १० | कैलाशडााडा भौतिक संरक्षण | १५००००० | |
| ११ | सिध्दकाली मन्दिर गुफा अन्वेषण | ६००००० | |
| १२ | वाह्रहांगे अरूणडााडा क्षेत्र लालिगुरास वृक्षारोपन कार्यकम १० नं. वडा | २००००० | |
| १३ | वाल उद्यान निर्माण १० | २००००० | |
| १४ | संस्कृति प्रवर्धन | १५०००० | |
| १५ | सहकारी | १००००० | |
| | **जम्मा** | **१६१५००००** | |
| | **सामाजिक विकास** | | |
| १६ | एस.एन.यू.प्रोडक्सन हाउस | ५०००० | |
| १७ | सहयात्रा नेपाल | १००००० | |

| | | | |
|---|---|---|---|
| १८ | सेतो गुरास सामाजिक संस्था | १००००० | |
| १९ | नेपाल पूर्व प्रहरि संगठन | ५०००० | |
| २० | सेवा निवृत राष्ट्रसेवक संघ | २०००० | |
| २१ | सामाजिक विकास संस्था | १५०००० | |
| २२ | उज्यालो भोजपुर | १००००० | |
| २३ | नेपाल मानवअधिकार संघ | १००००० | |
| २४ | नेपाल रेडक्रस सोसाईटी तालिम | १५०००० | |
| २५ | नागरिक समाज | ५०००० | |
| २६ | हेकुवाखर्क समाज सेवा | १००००० | |
| २७ | एविसि डान्स सेन्टर | ८०००० | |
| २८ | भोजपुर आईडल | ५०००० | |
| २९ | हर्वल व्यूटीपार्लर | १००००० | |
| ३० | दारेगौडा समाजसेवा | ५०००० | |
| ३१ | लोकभाष साहित्यीक कार्यक्रम | १५०००० | |
| ३२ | पंजिकरण /एकिकृत स.व्यवस्थापन | १००००० | |
| ३३ | नगर गुरु योजना | २०००००० | |
| | **खेलकुद तथा मनोरंजन** | २००००० | |
| ३४ | मेयरकप फूटवल | ३००००० | |
| ३५ | महिला फुटवल प्रतियोगीता | १५०००० | |
| ३६ | रिमाचुङ स्पोर्ट एकेडेमी | ५०००० | |
| ३७ | जिल्ला खेलकुद विकास समिति | १००००० | |
| ३८ | व्यडमिण्टन प्रतियोगिता | २००००० | |
| | **खानेपानि तथा सरसफाई** | | |
| ३९ | सुन्तले खानेपानी टंकी निर्माण | ५००००० | |
| ४० | वागखोर खानेपानी | ३००००० | |
| | **कुल जम्मा** | **५३०००००** | |
| | **भौतीक पूर्वाधार** | | |
| ४१ | रोलर , ग्रेडर खरिद | १९०००००० | |
| ४२ | हटीया भवन निर्माण | ७०००००० | |
| ४३ | पिपलधारा हेलिडााडा सडक | ९०००००० | |
| ४४ | पुराना डवली कोटडााडा सडक १२ | ४००००० | |
| ४५ | राजकुलो सिंचाई पारपानी १२ | ४००००० | |
| ४६ | बुध्दचोक वाट सिलिचुङ खा.पा.सडक | २००००० | |
| ४७ | टक्सार सल्लाधारी सिडी निर्माण १२ | ५००००० | |
| ४८ | यसोधरा मा.वि. टक्सार १२ | ४००००० | |
| ४९ | देविथान मा.वि. आम्तेक ११ | ५००००० | |
| ५० | पिखुवा प्रा.वि. टक्सार १२ | १००००० | |
| ५१ | मुढेफेदी गुम्बा वोखिम ५ | ३००००० | |
| ५२ | ठाकुरवारी गुम्बा जग्गा खरिद १२ | ५००००० | |

| | | | |
|---|---|---|---|
| ५३ | अधेरी,अखुवा खोपुल वारा ११ | १००००० | |
| ५४ | पेमाछोलिङ गुम्वा पानी टंकी ९ | २००००० | |
| ५५ | सुन्तले फुटवल ग्राउण्ड | ५००००० | |
| ५६ | वाल मैत्री कार्यक्रम | ४००००० | |
| ५७ | वडारे धारा गल्छी मरमत | ४००००० | |
| ५८ | सिँचाई | ३००००० | |
| | **संचार** | | |
| ५९ | रेडियो कार्यक्रम ३ वटा | १५०००० | |
| ६० | पत्रिका | ५०००० | |
| ६१ | पत्रकार महासंघ | ५०००० | |
| ६२ | भोजपुर पोष्ट | ५०००० | |
| | **जम्मा** | **४०५०००००** | |
| | **प्रदेश सरकार ३५७००००** | | |
| ६३ | देउराली भोटेपसल सडक ६ र ९ | १८००००० | |
| ६४ | रानी च्यानडाडा समाधि स्थल निर्माण | २००००० | |
| ६५ | शुक्रवारे वछाला सडक ३ | ६००००० | |
| ६६ | छोटी वजार ढलान | २००००० | |
| ६७ | कोटडाडा पारपानी वास्तीम सडक | २००००० | |
| ६८ | वुढीखोला सेराखोला सडक ५ | ५००००० | |
| ६९ | वाल उद्यान निर्माण १० | ३७००० | |
| | **जम्मा** | **३५३७०००** | |
| | **प्रदेश सरकार राजश्व वाडफाट** | | |
| | **प्रदेश सरकार सवारी साधन करको राजश्व वाडफाट ११५२८०००** | | |
| ७० | भोजपुर आम्तेक सडक ११ | ५००००० | |
| ७१ | खेलकुद प्रतियोगीता ११ | ५००००० | |
| ७२ | धापखर्क भाम्राङ सडक १ | १०००००० | |
| ७३ | देउराली पालुवा सडक ६ | ५००००० | |
| ७४ | वहुद्देश्य सडक ८ | ५००००० | |
| ७५ | फेदि ओडारे सडक ५ | ५००००० | |
| ७६ | पेमाछोलिङ गुम्बा जाने ढल तथा सडक | ५००००० | |
| ७७ | विद्यूत विस्ता १० | १०००००० | |
| ७८ | जाल्पा मा.वि. कोठा मर्मत | १००००० | |
| ७९ | पेल्टी सेट मर्मत (खुरिल्ला) | ५०००० | |
| ८० | डाईमण्ड डान्स सेन्टर | ३०००० | |
| ८१ | वाल उद्यम क्षेत्र खानेपानी व्यवस्थापन | २०००० | |
| ८२ | विद्यूत विस्तार २ | ११००००० | |
| ८३ | सिध्देश्वर सडक ४ | १०००००० | |
| | **जम्मा** | **७३०००००** | |
| | **कुल जम्मा** | **५१३३७०००** | |

| | **संस्थागत विकास तथा सेवा प्रवाह** | | |
|---|---|---|---|
| संकेत नम्बर | वित्तिय शीर्षक | बार्षिक वजेट | कैफियत |
| २११११ | तलब | १९४२०००० | |
| २११२१ | पोषाक | ८३०००० | |
| २११३१ | स्थानिय भत्ता | १५१८००० | |
| २११३२ | महंगी भत्ता | १०३२००० | |
| २११३४ | कर्मचारी बैठक भत्ता | १००००० | |
| २११३९ | अन्य भत्ता | ५००००० | |
| २१२१४ | कर्मचारी कल्याण कोष | २००००० | |
| २२१११ | पानी विजुली | २००००० | |
| २२२१२ | संचार महसुल | ६००००० | |
| २२२१३ | ईन्धन पदाधिकारी | ६००००० | |
| २२२१४ | ईन्धन कार्यालय प्रयोजन | ९००००० | |
| २२२२१ | सवारी साधन मर्मत | २३००००० | |
| २२३११ | वीमा तथा नविकरण खर्च | १००००० | |
| २२३१३ | पुस्तक खरिद (कानुन सम्बन्धि समेत) | १००००० | |
| २२३१४ | मेसिनरी ओजार मर्मत संहार | २००००० | |
| २२३१५ | कार्यालय सम्बन्धी खर्च | २५००००० | |
| २२४१३ | ईन्धन अन्य प्रयोजन | ३०००० | |
| २२३१५ | पत्रपत्रिका छपाई सुचना प्रकाशन | १०००००० | |
| २२४१३ | करार सेवा शुल्क | १४३०८००० | |
| २२५२२ | कार्यक्रम खर्च | १०००००० | |
| २२६११ | अनुगमन मुल्याङकन खर्च | १०००००० | |
| २२६१३ | भ्रमण खर्च | ६००००० | |
| २२७११ | विविध खर्च | २०००००० | |
| २२७२१ | सभा संचालन खर्च | ३००००० | |
| २८१४२ | घर भाडा | ५७०००० | |
| २८१४३ | सवारी साधन तथा मेसिनरी औजार भाडा | १००००० | |
| | **जम्मा** | **५२००८०००** | |
| ३१११५ | फर्निचर तथा फिक्चर्स | १३००००० | |
| ३११२१ | सवारी साधन | ४०००००० | |
| ३११२२ | मेसिनरी तथा ओजार | ५००००० | |
| ३११५६ | खानेपानी संरचना निर्माण | | |
| ३११५७ | वन तथा वातावरण संरक्षण | २००००० | |

| | | | |
|---|---|---|---|
| ३११५९ | अन्य सार्वजनिक निर्माण | | |
| | महिला स्वाःथ्य स्वयमसेविका प्रोत्साहन भत्ता | १२९६००० | |
| | **मर्मत संहार कोष** | १०००००० | |
| | **शिक्षा** | ५००००० | |
| | **आन्तरीक तर्फ** | | |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ३७६९२०० | |
| २११४२ | पदाधिकारी अन्य सुविधा चाडपर्व खर्च | ६३०००० | |
| २११४९ | पदाधिकारी अन्य भत्ता | ४४८८००० | |
| २५३१५ | अन्य सहायता | ५००००० | |
| २११३९ | अन्य भत्ता | ५७२००० | |
| | सहरी स्वास्थ्य केन्द्र | ३५०००० | |
| २२७२१ | सभा संचालन खर्च | ३००००० | |
| | सामाजिक परिचालक तलव | १०९२००० | |
| | अन्य सेवा शुल्क | ३७७००० | |
| | **जम्मा** | **२०८७४२००** | |
| | **प्रदेश सरकार सवारी साधन करको राजश्व वाडफाट ११५२८०००** | | |
| | ईन्धन | ३२२८००० | |
| | सवारी चालक तलव/सुविधा भत्ता | १०००००० | |
| | **जम्मा** | **४२२८०००** | |
| | **कुल जम्मा** | **७७११०२००** | |
| | **वातावरण तथा विपद व्यवस्थापन** | | |
| | **विपद व्यवस्थापन** | ५००००० | |
| | **प्रकोप व्यवस्थापन** | २००००० | |
| | **कुल जम्मा** | **७०००००** | |
| | **सवैको जम्मा** | **१५०५९७२००** | |
| | **वडा स्तरीय योजनाहरू** | **४६००००००** | |
| | **ससर्त अनुदान** | **२००६०००००** | |
| | **कुल वजेट** | **३९७१९७२००** | |

**भोजपुर नगरपालिका**
**वडास्तरीय योजनाहरु**

## (क) आर्थिक विकास

| सि. नं. | योजनाको नाम | अनुमानित वजेट |
|---|---|---|
| | वडा नं. १ | |
| १. | कृषि लक्षित कार्यक्रम | १००००० |

| | | |
|---|---|---|
| २. | हाउस वाईरीङ्ग, तथा मोटर साईकल तालिम | १००००० |
| | **वडा नं. २** | |
| ३. | हाउस वाईरिङ्ग, तालिम | १००००० |
| ४. | कृषि लक्षित कार्यक्रम | १००००० |
| ५. | शुन्तले, आहालडाडा कागते भुसुने महिला सिलाई कटाई तालिम | ६०००० |
| | **वडा नं. ३** | |
| ६. | कृषि | १५०००० |
| | **वडा नं. ५** | |
| ७. | युवा स्वरोजगार कार्यक्रम | १३०००० |
| | **वडा नं. ७** | |
| ८. | वडा स्तरीय दलित संजाल ३ दिने च्याउ खेति तथा जमराको जुस उत्पादन सम्वन्धी तालिम तथा प्राक्टीकल हाउस( वडा स्तरीय दलित संजाल) | ८०००० |
| | **वडा नं. ८** | |
| ९. | बेमौषमी तरकारी खेती | ५०००० |
| | **वडा नं. १०** | |
| १०. | सिर्जनशिल आमा समुह माछा पालन (मागुवा) | ५०००० |
| ११. | नरपायाँ बालीटोल समुह माछा पालन | ५०००० |
| | **वडा नं. ११** | |
| १२. | युवा तथा कृषि लक्षित कार्यक्रम | ९५००० |
| | **जम्मा** | १०६५००० |

## (ख) सामाजिक विकास

| सि. नं. | योजनाको नाम | अनुमानित वजेट | प्राथमिकिकरण |
|---|---|---|---|
| | वडा नं. १ | | |
| ०१. | जेष्ठ नागरिक सम्मान | ५०००० | |
| ०२. | महिला स्वास्थय सम्बन्धी चेतना मुलक कार्यक्रम | ५०००० | |
| ०३. | नृत्य उद्घोषण व्याक्ति विकाश तालिम | ५०००० | |
| ०४. | भामराङ्ग खानेपानी व्यावस्थापन | १,५०००० | |
| ०५. | खत्री गाँउ खानेपानी मर्मत | १००००० | |
| ०६. | दलित क्षमता विकास कार्यक्रम | १००००० | |
| ०७. | सिंहदेवी मा.वि व्यवस्थापन | ३००००० | |
| ०८. | सिंहदेवी खानेपानी व्यवस्थापन | १००००० | |
| ०९. | चण्डी नि.मा.वि. व्यवस्थापन | २००००० | |
| १०. | खेलकुद विकास | १००००० | |
| ११. | वाल क्लव व्यवस्थापन | ५०००० | |
| | वडा नं. २ | | |
| १२. | आवधिक योजना  निर्माण | १००००० | |
| १३. | महिला स्वास्थ्य सम्बन्धी तालिम | १००००० | |
| १४. | जेष्ठ नागरीक सम्मान कार्यक्रम | ५०००० | |
| १५. | दलित क्षमता विकास कार्यक्रम | ३०००० | |
| १६. | वालवालिकाहरुका लागि चेताना कार्यक्रम | ५०००० | |
| १७. | व्रहामण विष्णु मन्दिर निर्माण सुन्तले | ५०००० | |
| १८. | हात्तिखर्क खानेपानी निर्माण | ८०००० | |
| १९. | कागते खानेपानी मर्मत | ५०००० | |

| सि. नं. | योजनाको नाम | अनुमानित वजेट | प्राथमिकिकरण |
|---|---|---|---|
| २०. | सिमेखोलाबाट टारी जाने कुलो मर्मत | ५५००० | |
| २१. | विद्युतिय हाजीरी | ३०००० | |
| | **वडा नं. ३** | | |
| २२. | ४ विद्यालय | ४००००० | |
| २३. | ९ टोलकै खानेपानी | २००००० | |
| २४. | मुक्तिसेना प्रतिष्ठान | २००००० | |
| २५. | जनजाति | १००००० | |
| २६. | महिला | १००००० | |
| २७. | अपाङ्ग | ५०००० | |
| २८. | वाल | ३०००० | |
| २९. | जेष्ठ नागरीक | १५००० | |
| ३०. | दलित | २०००० | |
| ३१. | स्वास्थ्य वर्थिङ्ग सेन्टर सामाग्री खरीद | १००००० | |
| | **वडा नं. ४** | | |
| ३२. | टोल नं. २ खेलमैदान घेरावारा खोलेखर्क | ५०००० | |
| ३३. | टोल नं. १ वाघखोर खानेपानी | ४०००० | |
| ३४. | टोल नं. ९ भ्यालसिंङ्गे खानेपानी (तामाङ्ग समुदायको समाधी स्थल) | ४०००० | |
| ३५. | जाल्पादेवी प्रा.वि. चर्पी मर्मत | २५००० | |
| ३६. | सि.मा.वि. कोठा मर्मत | १००००० | |
| ३७. | पञ्चकन्या आधारभुत विद्यालय छाना मर्मत | ५०००० | |
| ३८. | ढुङ्गेश्वरी प्रा.वि.फर्निचर निर्माण | २५००० | |
| ३९. | सिद्धमाहाराज मन्दीर मर्मत घेरावारा | ५०००० | |
| ४०. | नेवार खोला खा.पा. मर्मत | २०००० | |

| सि. नं. | योजनाको नाम | अनुमानित वजेट | प्राथमिकिकरण |
|---|---|---|---|
| ४१. | खानेपानी तथा पुर्ण सरसफाई कार्यक्रम | १००००० | |
| ४२. | नेपाल रेडक्रस सोसाइटी | २०००० | |
| ४३. | टोल विकास समिति क्षमता विकास | ४५००० | |
| ४४. | स्वाथ्य चौकी जग्गा व्यवस्थापन साझेदारीमा | ३००००० | |
| ४५. | स्वाथ्य चौकी कार्यालय फार्निचर | २५००० | |
| ४६. | जनजाती लक्षित कार्यक्रम | ५०००० | |
| ४७. | दलित लक्षित कार्यक्रम | ३७००० | |
| ४८. | अपाङ्ग लक्षित कार्यक्रम | २०००० | |
| ४९. | महिला लक्षित कार्यक्रम | ७५००० | |
| ५०. | जेष्ठ नागरिक दक्षित कार्यक्रम | २०००० | |
| ५१. | खेलकुद | ४०००० | |
| ५२. | वालवालिका लक्षित कार्यक्रम | ५०००० | |
| ५३. | मिडिया ग्रूप | १५००० | |
| ५४. | सामाजिक विकास संस्था | १५००० | |
| ५५. | ई हाजिरी व्यवस्थापन | १००००० | |
| | **वडा नं. ५** | | |
| ५६. | महिला सिपमुलक कार्यक्रम | ४०००० | |
| ५७. | एकल महिला कार्यक्रम | ४०००० | |
| ५८. | जेष्ठ नागरिक सहयोगसम्मान कार्यक्रम/ | २५००० | |
| ५९. | अपाङ्ग राहत सहयोगसम्मान कार्यक्रम/ | ३०००० | |
| ६०. | दलित छुवाछुत वडा घोषणा सचेतना कार्यक्रम | ४५००० | |
| ६१. | बालमैत्री वडा घोषणा सचेतना कार्यक्रम | ३०००० | |
| ६२. | बालबालिका हाजिरी जवाफ प्रतियोगिता | २५००० | |

| सि. नं. | योजनाको नाम | अनुमानित वजेट | प्राथमिकिकरण |
|---|---|---|---|
| ६३. | युवा तथा खेलकुद कार्यक्रम | ७०००० | |
| ६४. | धापखर्क प्रा. वि.विद्यालय व्यवस्थापन,घेरावारा | २५०००० | |
| ६५. | पन्चकन्या मा. वि.गेट रंगरोगन,फर्निचर,बार्दली मर्मत | १००००० | |
| ६६. | पन्चकन्या मा. वि.ई हाजिरी व्यवस्थापन | १००००० | |
| ६७. | जगदेश्वरी प्रा. वि.वाल प्लाष्टर भवन मर्मत | १००००० | |
| ६८. | गाउँघर क्लिनिक व्यवस्थापन-हुरहुरे- | ४५००० | |
| ६९. | शेर्वानी गाउँघर क्लिनिक व्यवस्थापन | २०००० | |
| ७०. | स्वास्थ्य चौकी पूर्ण खोप सुनिश्चितता सर्वेक्षण कार्यक्रम | ३०००० | |
| ७१. | तिनमुरे खानेपानी मर्मत | २०००० | |
| ७२. | भुल्के हुरहुरे खानेपानी बिस्तार | ४५००० | |
| ७३. | चुच्चे ढुंगा खानेपानि ट्याङ्गकी निर्माण | १००००० | |
| ७४. | गैरी कुवा मर्मत | २५००० | |
| ७५. | शिशु कक्षा सन्चालन सुन्तले | ३०००० | |
| | **वडा नं. ६** | | |
| ७६. | कमेरे कुवा मर्मत | २५००० | |
| ७७. | भैरेधारा मुल संरक्षण | ३५००० | |
| ७८. | पचासे डिडाडा मुहान संरक्षण | १५००० | |
| ७९. | शिव धारा व्यवस्थापन | ४०००० | |
| ८०. | सरसफाई स्टीकर टाँस अभियान | २०००० | |
| ८१. | ठुलो पालुवा खानेपानी मेनलाईन पाइप विस्तार | १५०००० | |
| ८२. | तामाङ्ग समुदाय दाहसंस्कार पार्टी सम्म खानेपानी पाइप विस्तार | ३५००० | |
| ८३. | देउराली वन कार्यालय वारीको आकाशे पानीमा ढल व्यवस्थापन | २५००० | |
| ८४. | पञ्चकन्या प्रा.वि. मा अध्ययनरत दलित तथा विपन्न विद्यार्थी पोशाक तथा दिवा खाजा व्यवस्थापन | १००००० | |

| सि. नं. | योजनाको नाम | अनुमानित वजेट | प्राथमिकिकरण |
|---|---|---|---|
